# क्व्होलासोथार गाउँपालिका
## KWHOLASOTHAR RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मालिङ, लमजुङ (Maling, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
(2073)
पत्र संख्या Ref. No.:- ०७९/०८०
चलानी नं. Dispatch No.:-
Email: kwholasotharmun@gmail.com
Website: www.kwholasotharmun.gov.np

त्रिलोक चन्द्र गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

## कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७९/१२/०९

यस क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विभिन्त शाखाहरुमा रिक्त रहेका देहाय बमोजिमका पदहरुका लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९-०८० | रोजगार संयोजक | अधिकृत छैठौं तह वा सो सरह | १ |
| २ | ०२/०७९-०८० | MIS अपरेटर | सहायकस्तर पाचौं तह वा सो सरह | १ |
| ३ | ०३/०७९-०८० | ना.प्रा.स. (कृषि सेवा) | सहायकस्तर चौथो तह वा सो सरह | १ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः-

(क) रोजगार संयोजकः नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरेको, २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको, देवनागरी र अंग्रेजी दक्षतापूर्वक टाईपिङ गर्न सक्ने, MS-Office Package (Word, Excel, Access, Powerpoint) सम्बन्धि दक्षता भएको, व्यवस्थापन सूचना प्रणाली (MIS) सम्वन्धी ज्ञान भएको।

(ख) MIS अपरेटरः- नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्प्यूटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी कम्तिमा ६ महिना कम्प्यूटर सम्वन्धी तालिम लिएको, १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, देवनागरी लिपीमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाईपिङ गर्न सक्ने, MS-Office Package (Word, Excel, Access, Powerpoint) सम्वन्धि दक्षता भएको, ईमेल इन्टरनेट तथा व्यवस्थापन सूचना प्रणाली (MIS) सम्वन्धी ज्ञान भएको।

(ग) ना.प्रा.स. (कृषि सेवा) मान्यता प्राप्त शैक्षिक संस्थाबाट १८ महिने जेटिए कोर्ष उतिर्ण गरेको, १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

२. दरखास्त दस्तुरः रोजगार संयोजकको हकमा रु. १५००/-(अक्षरुपी एक हजार पाच सय रुपैया मात्र) र बाकी पदको हकमा रु. १०००/- (अक्षरुपी एक हजार रुपैया मात्र)।

त्रिलोक चन्द्र गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

३. दरखास्त पेश गर्ने अन्तिम मितिः यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र।

४. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी, चारित्रिक प्रमाणपत्र प्रतिलिपी, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट साईजको फोटो तथा अन्य सम्बन्धित कागजातहरु।

५. दरखास्त पेश गर्ने स्थानः क्व्होलासोथार गाउँपालिकाको कार्यालय मालिङ लमजुङ।

६. छनौट किसिमः रोजगार संयोजकको हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तर्वार्ता, MIS अपरेटरको हकमा संक्षिप्त सूची (सर्ट लिस्ट) कम्प्युटर टाईपिङ तथा सीप परिक्षण तथा अन्तर्वार्ता र अन्य पदको हकमा अन्तर्वार्ता मात्र।

७. दरखास्त फारमको ढाँचाः रोजगार संयोजकको हकमा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा अन्य पदको लागि क्व्होलासोथार गाउँपालिकाको वेवसाईट www.kwholasotharmun.gov.np बाट उपलव्ध गर्न सकिने छ।

८. थप जानकारीका लागि सम्पर्कः ९८५६०४६८१९